स्थानीय राजपत्र

दिपायल सिलगढी नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ६ संख्या : १६ मिति : २०७९/१२/२२

भाग–२

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/१२/०६

**प्रस्तावना:**

दिपायल सिलगढी नगरपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयमा रहेका शिक्षक विद्यार्थी संख्याको अनुपात बमोजिम शिक्षक दरबन्दी मिलान गरी विद्यालयमा पठनपाठनलाई प्रभावकारी तथा व्यवस्थित गर्न वाञ्छनीय भएकाले दिपायल सिलगढी नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९ रहेको छ ।

ख) यो कार्यविधि दिपायल सिलगढी नगरपालिका भर लागु हुनेछ ।

ग) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२ परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) **नगरपालिका** भन्नाले दिपायल सिलगढी नगरपालिका बुझ्नु पर्नेछ ।

ख) **प्रमुख** भन्नाले दिपायल सिलगढी नगरपालिकाको प्रमुखलाई बुझ्नु पर्नेछ ।

ग) **उपप्रमुख** भन्नाले दिपायल सिलगढी नगरपालिकाको उपप्रमुखलाई बुझ्नु पर्नेछ ।

घ) **कार्यपालिका** भन्नाले दिपायल सिलगढी नगरपालिकालाई सम्झिनु पर्छ ।

ङ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले दिपायल सिलगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) नगर शिक्षा समिति भन्नाले दिपायल सिलगढी नगरपालिको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

छ) **दरबन्दी मिलान** भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र शिक्षक अनुदान कोटा ( राहत ) मा रहेका शिक्षक, अपाङ्ग शिक्षक, र यस्तै अन्य स्केल अनुसार अनुदानको तलब भत्ता पाउने शिक्षकहरुको दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि बमोजिम दरबन्दीको वितरण तथा व्यवस्थापनलाई सम्झनुपर्छ ।

ज) तह भन्नाले विदालयको तह बुझ्नु पर्नेछ ।

झ) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ञ) शिक्षा शाखा प्रमुख भन्नाले दिपायल सिलगढी नगरपालिका भित्र स्थानीय तहको शिक्षा संचालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा, युवा तथा खेलकुद शाखाको वरिष्ठतम कर्मचारी बुझ्नुपर्नेछ ।

ट) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउछ

ठ) विद्यालय व्यवस्थापन समिति भन्नाले दिपायल सिलगढी नगरपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

ड) नियमावली भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन समेत) बुझ्नु पर्नेछ ।

ढ) पुल दरबन्दी भन्नाले विद्यार्थी संख्याका आधारमा आवश्यक भन्दा बढी भएको दरबन्दी सम्झनु पर्छ

ण) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

त) कार्यदल भन्नाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७९ बमोजिम गठित शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदल भन्ने सम्झनु पर्छ ।

**३. विवरण आद्यवधिक गर्ने :** शिक्षा शाखाले विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अद्यावधिक गर्नु पर्ने । विवरण अद्यावधिक गर्दा चालु शैक्षिक सत्रको कक्षागत तथा तहगत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब भत्ता खाने गरी शिक्षक छनोट प्रक्रिया पुरा गरी आएका हाल कार्यरत स्थायि, अस्थायी र राहत, बालविकास शिक्षकहरुको विवरण अद्यावधिक गर्नु पर्नेछ । साथै विद्यालयमा कार्यरत विद्यालय कर्मचारी (का.स. र विद्यालय सहायक) को विवरण अद्यावधिक गर्नु पर्नेछ ।

## ४. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा लिइने आधार तथा प्रक्रिया

(क) शैक्षिक सत्र २०७९ को IEMIS प्रतिवेदन, विद्यार्थी भर्ना अभिलेख तथा विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्थितिलाई मुख्य आधार बनाइनेछ ।

(ख) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी, राहत, बालविकास शिक्षक,शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक संख्यालाई आधार लिइनेछ ।

(ग)दरबन्दी मिलानको क्रममा बढी हुन आई कटौती गर्नुपर्ने दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा राखि तथा यस अघि नै समायोजित विद्यालयका पुलमा राखिएका दरबन्दी समेत शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउंदा सबै भन्दा बढी विद्यार्थी भएका र हाल शून्य वा न्युनतम दरबन्दी भएका विद्यालयहरुमा प्राथमिकता क्रममा तह अनुसार स्थानान्तरण गरिनेछ ।

(घ) यसरी शिक्षक व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक योगयता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरुमा क्रमशः स्थानान्तरण गरिनेछ ।

(ङ) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या कम हुने गरी मिलान गरिनेछ ।

(च) यस अघि रिक्त भएका एवं तत्काल रिक्त हुन आउने कुनै पनि तह र प्रकारको शिक्षक दरबन्दीमा दरबन्दी मिलान कार्य समाप्त नभएसम्म पदपूर्ति एवं सरुवा सहमति दिइने छैन ।

(छ) महिला तथा अपांगता भएका शिक्षकलाई सकभर घरपायक हुने गरी सरुवा गरिनेछ ।

(ज) शिक्षा नियमावली २०५९ (संसोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटै विषयको शिक्षक दरबन्दी एक भन्दा बढी भएमा अनिवार्य विषयहरुको प्राथमिकता क्रममा विषयगत मिलान हुने गरी दरबन्दी सिर्जना तथा मिलान गरिनेछ ।

(झ) कुनै विद्यालयको दरबन्दी कट्टा गरी सरुवा गर्नु पर्ने भएमा क्रमशः हाल रिक्त रहेको दरबन्दी, करार, राहत, अस्थायी र स्थायीको सरुवा माग र कनिष्ठताको आधारमा गरिनेछ ।

(ञ) आन्तरिक सरुवाका लागि प्राप्त निवेदनहरु मध्ये माग तथा जेष्ठताका आधारमा सरुवा तथा पदस्थापना गरिनेछ ।

(ट) कुनै विद्यालयको दरबन्दी थपघट गर्नुपरेमा सकभर विद्यालयमा कम्तीमा एउटा स्थायी दरबन्दी रहने गरी व्यवस्था गर्न सकिनेछ ।

(ठ) यस नगरपालिकाभित्रका विद्यालयमा कार्यरत स्थायी, अस्थायी, राहत, करार तथा बालविकास शिक्षकहरु, विद्यालय कर्मचारीहरुलाई आवश्यकताका आधारमा नगर शिक्षा समितिको निर्णयानुसार सरुवा तथा पदस्थापना गर्न सकिनेछ । सोका लागि सम्बन्धित विद्यालयहरुको सहमति आवश्यक पर्ने छैन । बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई नगर शिक्षा समितिको निर्णयानुसार थपघट तथा मिलान गर्न सकिनेछ ।

५. शिक्षक दरबन्दी कायम, मिलान तथा स्थानान्तरणका मुख्य आधारहरु

(क) कक्षा १ -३ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा

१. कक्षा १ -३ मा न्युनतम ३० जनासम्म विद्यार्थी भएमा एक दरबन्दी कायम गर्ने र हाल दुई दरबन्दी कायम भएकोमा यथावत दुई दरबन्दी कायम गर्ने ।

२. कक्षा १ -३ मा ३१ देखि ६० जनासम्म विद्यार्थी भएमा दुई दरबन्दी कायम गर्ने

३. कक्षा १ -३ मा ६१ जना भन्दा बढी विद्यार्थी भएमा तीन दरबन्दी कायम गर्ने र हाल तीन दरबन्दी कायम भएकोमा यथावत तीन दरबन्दी कायम गर्ने ।

(ख) कक्षा १ -५ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा

१. कक्षा १ -५ मा न्युनतम ५० जना विद्यार्थी भएमा न्युनतम दुई दरबन्दी कायम गर्ने ।

२. कक्षा १ -५ मा ५१ देखि १०० जनासम्म विद्यार्थी भएमा तीन दरबन्दी कायम गर्ने ।

३. कक्षा १ -५ मा १०१ देखि १५० जनासम्म विद्यार्थी भएमा चार दरबन्दी कायम गर्ने ।

४. कक्षा १ -५ मा १५१ देखि २०० जनासम्म वा सो भन्दा बढी विद्यार्थी भएमा पनि पांच दरबन्दी कायम गर्ने ।

५. माथि (१), (२), (३) र (४) मा जुनसकै कुरा लेखिएको भएतापनि कक्षा १ -५ वा सो भन्दा बढी कक्षा सञ्चालित विद्यालयको प्राथमिक तहमा हाल कायम भएको दरबन्दी नै यथावत कायम गर्ने ।

६. कक्षा १ -५ मा विद्यार्थी संख्या ५० जना भन्दा कम भएमा क्रमशः माथिल्लो कक्षा घटाई नजिकको विद्यालयमा समायोजन गरिनेछ ।

(ख) आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (कक्षा ९-१० तथा कक्षा ९-१२) का सम्बन्धमा

१. शिक्षा नियमावली २०५९ (संसोधन सहित) को अनुसूचीमा उल्लेखित प्रावधान अनुसार आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (कक्षा ९-१० तथा कक्षा ९-१२) मा दरबन्दी मिलान गरिनेछ ।

२. उक्त तहमा दरबन्दी थपघट गर्नुपर्दा माथि उल्लेखित आधार अनुसार गर्ने ।

(ग) प्रारम्भिक बालविकास कक्षा तथा शिक्षक सम्बन्धमा

१. प्रारम्भिक बालविकास कक्षा नभएको विद्यालय तथा बालविकास कक्षा सञ्चालन गरिरहेको विद्यालयलाई न्युनतम एक एक कोटा मात्र प्रदान गर्ने । यसरी प्रत्येक सामुदायिक विद्यालयलाई एक एक कोटा प्रदान गरी बांकी रहेका यस न.पा. को स्रोतबाट सञ्चालित बालविकास कक्षाहरु

आवश्यकतानुसार यथावत कायम गर्ने वा अन्य विद्यालयमा थप्ने वा नगर शिक्षा समितिको निर्णयानुसार खारेज गर्न सकिनेछ ।

२. भौगोलिक हिसाबले आवश्यक स्थानको समुदायमा बालविकास कक्षा सञ्चालन गर्न सकिनेछ ।

**(घ) विद्यालय कर्मचारी सम्बन्धमा**

१. प्रत्येक सामुदायिक विद्यालयमा एक जना मात्र विद्यालय सहयोगी रहने गरी व्यवस्था गर्ने । यस अघि विद्यालय समायोजनका क्रममा प्राप्त भएका विद्यालय सहयोगीलाई माध्यमिक तह (कक्षा १-१२) सञ्चालित विद्यालयमा मिलानको व्यवस्था गर्न सकिनेछ ।

२. प्रत्येक माध्यमिक विद्यालयमा एक जना विद्यालय सहायक कर्मचारीको व्यवस्था गरिनेछ ।

**६. दरबन्दी मिलान कार्य गर्नका लागि निम्नानुसारको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :**

(क) नगर शिक्षा समितिले तोकेको सो समितिको सदस्यको संयोजकत्वमा सामुदायिक माध्यमिक विद्यालय र आधारभूत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट दुई जना, नगरपालिकाको स्रोतव्यक्ति शिक्षक महासंघको प्रतिनिधि र शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी सदस्य सचिव रहने गरी पांच सदस्यीय कार्यदल गठन गर्ने ।

(ख) कार्यदलले शिक्षा शाखामा रहेको अभिलेख, IEMIS प्रतिवेदन, शाखाले तयार पारेको स्थलगत प्रतिवेदन, प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थी, कार्यरत शिक्षक संख्या लगायतका सबै क्षेत्रको अध्ययन तथा छलफल गरी विद्यमान शिक्षक दरबन्दीको आधारमा सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापनका लागि दरबन्दी कायम, कटौती तथा थप हुने विद्यालयहरुको विवरण सहित नगर शिक्षा समितिमा सिफारिस सहितको प्रतिवेदन पेश गर्ने ।

(ग) कार्यदलको सिफारिस सहितको प्रतिवेदनका आधारमा नगर शिक्षा समितिबाट निर्णय भए बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखाले दरबन्दी मिलानको प्रक्रिया अगाडि बढाउने ।

(घ) शाखाले दरबन्दी मिलानका क्रममा दरबन्दी कटौती तथा थप भएको विद्यालयलाई दरबन्दी कटौती वा थप भएको जानकारी सात दिनभित्र गराइ दरबन्दी मिलान कार्य यथासिघ्र सम्पन्न गर्ने ।

(ङ) विद्यालयहरुले दरबन्दी मिलानको क्रममा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सरुवा गरिएका शिक्षकलाई कुनै पनि बहानामा रमाना नदिएमा वा हाजिर नगराएमा सम्बन्धित विद्यालयको तलब भत्ता रोक्का गरिनेछ ।

**७. सरुवा तथा पदस्थापना भएको स्थानमा जानुपर्ने :** यस कार्यविधि बमोजिम सरुवा भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समयभित्र सरुवा तथा पदस्थापना भएको विद्यालयमा अनिवार्य हाजिर भई

कामकाज गर्नुपर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई सरुवा भएको विद्यालयले हाजिर गराउन बाध्य हुने छैन र निजको तलब भत्ता रोक्का गरिनेछ ।

८. **हाजिर गराई कामकाजमा लगाउनु पर्ने:** दरबन्दी सहित वा यस कार्यविधि बमोजिम सरुवा भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराई नियमानुसार कामकाजमा लगाउनु पर्नेछ ।

९. **प्रधानाध्यापक जिम्मेवार हुने:** यस कार्यविधि बमोजिम दरबन्दी मिलान तथा व्यवस्थापनको कार्यबाट सरुवा भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा सरुवा भइ जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको आवश्यक व्याख्या, संसोधन गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगरकार्यपालिकाले गर्नेछ ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत